नेपाली राजदूतावास
EMBASSY OF NEPAL
UNITED NATIONS ROAD-02
BARIDHARA DIPLOMATIC ENCLAVE
DHAKA-1212, BANGLADESH

## संविधानको मस्यौदा उपर सुझाव/प्रतिक्रिया उपलब्ध गराउने सम्बन्धी नेपाली राजदूतावास ढाकाको अत्यन्त जरुरी सूचना

नेपालको निर्माणाधीन संविधानको पहिलो मस्यौदा उपर जनताको सुझाव संकलन गर्ने काम २०७२ असार २४ गते देखि शुरु भएको छ। संविधानको पहिलो मस्यौदा तथा सो उपर रायसुझाव उपलब्ध गराउने तरीका www.can.gov.np मा उपलब्ध छ। रायसुझाव यही २०७२ साल श्रावण ५ गते तदनुसार २१ जुलाई २०१५ भित्र पठाइसक्नुपर्ने छ।

बङ्गलादेशमा रहनुभएका इच्छुक नेपाली नागरिकहरुले संविधानको उक्त मस्यौदा उपर निम्नबमोजिम राय प्रतिक्रिया तथा सुझाव पठाउन सक्नुहुनेछः

१। संविधानसभाको वेबसाइट www.can.gov.np मा प्रवेश गरेर संविधानको प्रस्तावना तथा आफूले चाहेको भाग वा अनुसूचीको मस्यौदाको पुछारमा छुट्टाछुट्टै राखिएको बक्समा राय उपलब्ध गराएर।

२। संविधानसभाको इमेल ठेगाना comt.crcs@gmail.com, nparl.international@can.gov.np मा इमेल गरेर। *(प्रतिलिपि constitutiondraft@mofa.gov.np तथा eondhaka@dhaka.net मा पठाउनुहुन अनुरोध छ।)*

३। नेपाली राजदूतावास, ढाकामा आँफै उपस्थित भएर, पत्र पठाएर वा *eondhaka@dhaka.net* मा इमेल गरेर ।

अतएवः संविधानको मस्यौदामा आफ्नो अमूल्य रायप्रतिक्रिया तथा सुझाव उपलब्ध गराई नेपालको संविधान निर्माण गर्ने ऐतिहासिक कार्यमा सहभागी हुनुहुन बङ्गलादेशमा रहनुभएका सम्पूर्ण नेपाली नागरिकहरुमा नेपाली राजदूतावास हार्दिक अनुरोध गर्दछ।